म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ५ शुक्रबार १९ साउन २०८० ने. सं. ११४३ अनलागा 4 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**स्तनपान: बालबालिकालाई वरदान**

- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दूधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, संवेगात्मक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।
- बजारमा पाइने प्याकेट दूध वा फर्मुला आमाको दूधजस्तो पोषिलो हुँदैन।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## अख्तियारमा मकवानपुरका ३८९ उजुरी, एकवर्षमै चौबरले वृद्धि

निशा गुरुङ

हेटौंडा, १८ साउन/ संघीयतामा राज्य पुन:संरचना हुँदा गाउँमै 'सिंहदरबार' ल्याउने योजना मुताबिक गठित स्थानीय तह यतिबेला जनविश्वासको अभावमा गुज्रिएका छन् ।

स्थानीय तहले गरेका कतिपय राजश्व अपचलनदेखि राजनीतिक स्वार्थपूर्ति गर्न कार्यकर्ता भर्तीसम्मका कामले जनविश्वास घटाउँदै लगेको छ । स्थानीय तहले गरेका कामप्रति नागरिकको असन्तुष्टि र आशंका कति छन् ? भन्ने हेर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा परेको उजुरीलाई आधार मान्न सकिन्छ । तर, अख्तियारमा परेको उजुरीलाई मात्रै आधार बनाएर स्थानीय तहमा भ्रष्टाचार धेरै रहेको आंकलन गर्नु जायज भने हुँदैन । कुनै व्यक्तिगत वा राजनीतिक पूवाग्रही राखेर पालिकामा भइरहेका काम रोक्न वा उपभोक्ता समिति, निर्माण कम्पनी तथा संघसंस्थालाई दु:ख दिन पनि अख्तियारमा उजुरी हाल्ने गरेको पाइन्छ ।



मकवानपुरकै १० वटा स्थानीय तहले काम गर्दा अनियमितता गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा उजुरीको चाङ छ । उजुरीको संख्या एकवर्षमै चौबर बढीले वृद्धि भएको छ । अख्तियार कार्यालय हेटौंडामा मकवानपुरबाट आर्थिक वर्ष २०७८/०७९ मा ८४ वटा मात्रै उजुरी परेको थियो । तर, त्यसको एक वर्षभित्रमा उजुरी संख्याको ग्राफ ह्वात्तै माथि चढेको छ । गत आव ०७९/८० को असार मसान्तसम्म उजुरी ३ सय ८३ वटा परेको अखितयार कार्यालयका उपसचिव तथा सूचना अधिकारी विष्णु सापकोटाले जानकारी दिए ।

दुई आवमा गरेर मकवानपुरबाट अख्तियारमा ४ सय ६७ उजुरी दर्ता भएको हो । दर्ता भएका कुल उजुरीमध्ये गत आवको असारसम्म २ सय ८३ वटा उजुरी फर्छ्यौट भएको सूचना अधिकारी सापकोटाले जानकारी दिए । आव ०७८/७९ को ८४ उजुरीमध्ये ६१ वटा र गत आव ०७९/८० को ३ सय ८३ उजुरीमध्ये २ सय २२ वटा उजुरी फर्छ्यौट भएको हो । हेर्न बाँकी उजुरी जम्मा १ सय ८४ वटा रहेको सापकोटाले जानकारी दिएका छन् । अख्तियार कार्यालयको बागमती प्रदेशको मकवानपुरसहित चितवन, धादिङ, दोलखा, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा तथा मधेश प्रदेशको बारा, पर्सा रौतहट कार्यक्षेत्र रहेको छ ।

अख्तियार कार्यालयले भौगोलिक रुपले विकट र टाढा भएकाले रसुवा र दोलखामा प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रत्यायोजन गरेर काम गरिरहेको छ । अख्तियार कार्यालयमा परेको उजुरीको करिब ८० प्रतिशत तराईका जिल्लाको रहेको सूचना अधिकारी सापकोटाले जानकारी दिए । कार्यालयको कार्यक्षेत्र भएका १२ जिल्लामा एकवर्षमा १८ सय ३१ वटा उजुरी परेका छन् । यसबाहेक ४ सय ९५ वटा उजुरी गत आर्थिक वर्ष २०७८/७९ को जिम्मेवारी सरेर आएको छ । गत आव ०७९/८० मा अहिलेसम्म कै सबैभन्दा धेरै उजुरी परेको सूचना अधिकारी सापकोटाले जानकारी दिएका छन् ।

देशभर आयोगको ८ वटा कार्यालय रहेकोमा हेटौंडामा सबैभन्दा धेरै उजुरी परेको उनले बताए । विगतको वर्षलाई तुलना गर्दा र पछिल्लो ७ वर्षलाई मात्रै हेर्ने हो भनेपनि चालू आवको उजुरी अत्यधिक मात्रामा बढेको देखिन्छ । सूचना अधिकारी सापकोटाका अनुसार आव ०७२/७३ को एक वर्षको अवधीमा कुल एक हजार तीनसय ८५ वटा उजुरी परेको थियो । आव ०७३/७४ मा सातसय ९८, ०७४/७५ मा सातसय ६९, ०७५/७६ मा एक हजार एकसय, ०७६/७७ मा एक हजार एकसय २७ र ०७७/७८ मा १ हजार ६ सय उजुरी परेका थिए । स्थानीय तहमा धेरै उजुरी पर्नुले अनियमितताको घटना पनि बढेको देखिन्छ ।

कार्यालयमा सबैभन्दा धेरै बाराका स्थानीय तहविरुद्ध ५ सय ४१ वटा उजुरी परेको सापकोटाले बताए । सबैभन्दा कम रसुवाको स्थानीय तहविरुद्ध ३ वटामात्र उजुरी परेको छ । त्यस्तैगरी दोस्रोमा पर्साको स्थानीय तहविरुद्ध ४ सय ९९ वटा उजुरी परेका छन् । उजुरी पर्नेमा मकवानपुर जिल्ला तेस्रो नम्वरमा रहेको छ । रौतहटको स्थानीय तहविरुद्ध ४ सय ५७, चितवनको २ सय ६९, धादिङको ३९, दोलखाको १७, काभ्रेपलाञ्चोकको १२ वटा उजुरी परेको जनाइएको छ । सिन्धुपाल्चोकको स्थानीय तहविरुद्ध ८ उजुरीमात्र परेको छ । त्यस्तैगरी नुवाकोटको स्थानीय तहविरुद्ध ५ वटा उजुरी परेका छन् ।

**१४ सय १४ उजुरी फछ्र्योट**

सूचना अधिकारी सापकोटाले स्थानीय सरकारविरुद्ध गत वर्षमा परेको उजुरीमध्ये १४ सय ४४ वटा फछ्र्योट भइसकेका र ८ सय ८२ वटा उजुरी बाँकी रहेका बताए । आयोगमा स्थानीय तहले बाटो निर्माण, विद्यालयको भवन निर्माण, उपभोक्ता समितिको गठन, अनुदान वितरणलगायतको विषयमा अनियमितता गरेको भन्दै उजुरी पर्ने गरेको सापकोटाको भनाई छ । उनका अनुसार अख्तियारमा प्रदेश सरकारविरुद्ध पनि २ सय ३४ वटा उजुरी परेको थियो । जसमध्ये १ सय ३१ वटा फछ्र्योट भइसकेका छन् भने १ सय ३ वटा बाँकी छन् ।

कार्यालयमा रसिद दुरुपयोग भएका प्रवृतिका उजुरी सबैभन्दा बढी पर्ने गरेका छन् । कार्यालयमा शिक्षा क्षेत्र, सार्वजनिक जग्गाको संरक्षण, सामाजिक सुरक्षा भत्ता, राजश्व चुहावट र अपचलन जस्ता विषयका उजुरीहरु दर्ता भएका छन् । सार्वजनिक खरिद र निर्माणसँग सम्बन्धि उजुरी, उपभोक्ता समितिसँग सम्बन्धित उजुरी, प्रशासनिक कार्य र तालिम क्षमता विकास सम्बन्धका उजुरीहरु परेका छन् । प्राय: सेवाप्रवाह र नदीजन्य पदार्थ उत्खनन् तथा प्राकृतिक स्रोतको उपयोग सम्बन्धित उजुरी आउने गरेको कार्यालयले जानकारी दिएको छ ।

## सशस्त्र प्रहरीको सफलता: हेटौंडामा करिब ३० लाख मुल्यको औषधि र कपडा बरामद



साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ भन्सार छलेर ल्याइएको कपडा र प्रयोग तथा बिक्रीवितरणमा प्रतिबन्धित औषधि हेटौंडामा बरामद गरिएको छ ।

हेटौंडा उपमहानगर पालिका-१५, स्थित रोतोबाटेबाट सशस्त्र प्रहरी बलले ठूलो परिमाणमा अवैध कपडा र औषधि बरामद गरेको हो । यसअघि नेपाल प्रहरीले पनि रातोमाटेबाट भन्सार छलेर ल्याइएको अवैध कपडालगायतका खाद्यान्न सामग्री पनि बरामद गरेको थियो । यसअघि सानो परिमाणमा कपडालगायतका खाद्यान्न सामग्री बरामद हुँदै आएपछि सशस्त्र प्रहरीले भने रोतोमाटेबाट ठूलो परिमाणमा अवैध कपडा र औषधिजन्य सामग्री बरामद गरेको हो । प्रहरी अप्रेशनले भन्सार छलेर ल्याउँदा राजश्व चुहावटको स्थिति छर्लङ्ग भएको छ । तर, प्रहरीले भन्सार छलेर ल्याउने गिरोहलाई पक्राउ गरेर कारबाही गर्न सकेको छैन ।

हेटौंडा-१५, रातोमाटेबाट सशस्त्र प्रहरी बल नेपाल नम्बर १४ गण मकवानपुरले प्रतिबन्धित ट्रामाडोल औषधि, बिलबिजक फरक कपडासहित मालवाहक कन्टेनर नियन्त्रणमा लिएको हो । बिशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बलले बीरगंजबाट काठमाडौं तर्फ कागज लिएर जाँदै गरेको कन्टेनर भित्र लुकाई ल्याइएको प्रतिबन्धित औषधि र कपडा बरामद गरेर बिहीवार पत्रकार सम्मेलन गर्दै सार्वजनिक गरेको हो । प्रहरीले बागमती प्रदेश ०१-००६ ख २६५६ नम्बरको मालबाहक कन्टेनरबाट १४ लाख ४६ हजार बराबरको कपडा, प्रतिबन्धित ट्रामाडोल औषधि ७ कार्टुन र म्याद गुज्रिएको मल्टी भिटामिन बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर १४ गण हेडक्वाटर मकवानपुरका गणपति एसपी अनिल कार्कीले जानकारी दिए ।

सशस्त्र प्रहरीले दश लाख २६ हजार बराबरको ५ सय १३ थान कुर्था, एक लाख २० हजार मूल्य बराबरको ३० थान पाइन्ट, तीन लाख मूल्य बराबरको दुईसय थान टि-र्सट बरामद गरेको जानकारी दिएको छ । प्रहरीले प्रतिबन्धित औषधि ट्रमाडोल एकलाख ३१ हजार ७ सय ६० ट्याब्लेट र म्याद गुज्रिएको १ सय ५० वटा महरिच मल्टिभिटामिन बरामद गरेर सार्वजनिक गरेको छ । सशस्त्र प्रहरीले कन्टेनर सहित चालक काभ्रे देउपुर नगर पालिका-९ मण्डन बस्ने अन्दाजी ५० बर्षीय ज्ञानेन्द्रकुमार सापकोटालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय मकवानपुरमा जिम्मा लगाएको छ ।

## मकवानपुरमा मिटरब्याजीविरुद्ध ६६ उजुरी

हेटौंडा, १८ साउन/ जिल्ला प्रशासन कार्यालय मकवानपुरमा मिटरब्याजीविरुद्ध ६६ वटा उजुरी दर्ता भएको छ । आर्थिक लेनदेन तथा जग्गा धितोबन्धक गरी अनुचित कारोबारसँग सम्बन्धित उजुरी रहेका छन् ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रवक्ता सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले सरकारले अनुचित लेनदेन (मिटर ब्याजी) सम्बन्धी जाँचबुझ आयोग गठन गर्नुपूर्व नै २८ वटा लिखित निवेदन दर्ता भएको जानकारी दिए । आयोग गठनपछि हालसम्म थप ३८ वटा उजुरी दर्ता भएको उनले बताए । सरकारले अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरी गत चैत १२ गतेबाट प्रत्येक जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन आह्वान नै गरेको थियो ।

मकवानपुरमा दर्ता भएका उजुरीमध्ये अधिकांश आर्थिक लेनदेनका रहेका छन् भने केही मात्र जग्गा दृष्टिबन्धक गरी गरिएको कारोबारदेखि रहेको शर्माले जानकारी दिए । आयोग गठनपूर्व दर्ता भएका निवेदनमा अधिकतम ५ लाख रुपैयाँसम्म आर्थिक कारोबार भएका निवेदनहरु कार्यालयमा दर्ता भएको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले बताए । आयोग गठनपश्चात् भने अत्यन्त ठुला र जग्गा धितोबन्धक गरी गरिएका कारोबारका उजुरी दर्ता भएको उनको भनाई छ ।

हालसम्म अधिकतम अढाई करोड रुपैयाँसम्मका कारोबारको लिखित निवेदन दर्ता भएका छन् । दर्ता भएको उजुरीमध्ये सबैभन्दा पुरानो २०५२ सालमा दृष्टिबन्धक गरी गरिएको आर्थिक कारोबार रहेको छ । मकवानपुरमा दर्ता भएका ६६ वटा उजुरीमध्ये ३२ वटाको मेलमिलाप गरिएको छ । मिलापत्र गरिएकामध्ये ८० हजारदेखि ५ लाख रुपैयाँ सम्मका आर्थिक कारोबारका निवेदन रहेको र एउटा जग्गा फिर्ता गर्नेसम्मको निवेदनमा मिलापत्र गरिएको छ ।

मिटरब्याजसम्बन्धी समस्याको समाधान सम्भव भएसम्म मेलमिलापबाट समाधान गर्ने प्रयासस्वरुप प्रशासन कार्यालयले पहल गर्ने गरेको उनले बताए । पीडित, ऋृण दिने साहु, स्थानीय सरकारका पदाधिकारी, प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको सहयोगमा मेलमिलापको प्रयास हुने गरेको छ । मेलमिलाप हुन नसकेमा भने कानुन बमोजिम कारबाही अघि बढ्ने गरेको र सो अनुसार सम्बन्धित व्यक्तिहरु अदालत जाने गरेको शर्माले बताएका छन् ।

**Join IT Career in HCC**

Admission Open
↓
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
↓
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त )** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch** ) लागि प**्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class** ) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# घर आफैंले भत्काउने कबुलियतनामा

हेटौंडा उपमहानगरपालिका (तत्कालीन नगरपञ्चायत र ०४६ पछिको नगर पालिका) सँग राज्यले चाहेको बखत सडक विस्तारका क्रममा आफ्नो संरचना भत्काइदिने लिखितम सहमति पनि गर्ने र अदालतमा मुद्दा पनि दिने दोहोरो चरित्र देखिएको छ । हालसम्म उपमहानगरपालिकाले २ सय ९८ घरधुरीको राज्यले चाहेको बेला सडक विस्तारका लागि आफ्नो संरचना भत्काइदिने कबुलियतनामा गरेको कागजात सुरक्षित रहेको जनाएको हो । कतिपयले नक्सा पास नै नगरेकाले उनीहरुको कबुलियतनामा भने फेला परेको छैन । उपमहानगरको नक्सा शाखामा रहेको अभिलेखअनुसार २ सय ९८ जनाको घरलगायतका व्यावसायिक प्रयोजनका संरचनाले सडक अधिकार क्षेत्र कति मिचेको, सडक विस्तार गर्दा कति क्षेत्र दिनुपर्ने ? सडक विस्तारको क्रममा जग्गा छोड्दा के गर्नुपर्ने र के गर्न नहुने सर्तसहितको कबुलियतनामा सार्वजनिक भएको छ । तत्कालीन समयमा नै सडक सीमाक्षेत्र तोकिएको र घरधनीले सडक अधिकार क्षेत्रभित्र नै संरचना बनाएको स्वीकारोक्ति कबुलियतनामाबाट खुल्छ ।

घरधनीले सडक क्षेत्र मिचेर संरचना बनाएको स्वीकार गरी सडक विस्तार गर्दा आफैंले भत्काइदिने र कहीं, कतै र कुनै उजुरबाजुर नगर्ने सर्तमा कबुलियतनामा हस्ताक्षर र औंठा छाप गरेको तथ्य कबुलियतनामा छ । कबुलियतनामा हेर्दा घर धनीले सडक सीमा क्षेत्रभित्रै संरचना बनाइसकेकाले तत्कालीन अवस्थामा नै संरचना भत्काउनुपर्नेमा त्यतिबेला सुविधा दिएर कबुलियतनामा गराएको देखिन्छ । घर बनाइसकेपछि भत्काइहाल्नु मानवीय दृष्टिकोणले उचित नहुने देखिएपछि कबुलियतनामा गराएर राज्यले चाहेको बेला दिनुपर्ने सर्त गराइएको कबुलियतनामाको भाषा थियो । नेपालमा सडक ऐन जारी हुनुपूर्व नै हेटौंडाको मेनरोडको सडक संरचना फराकिलो रहेको थियो । २०२८ मा तत्कालीन राजा महेन्द्रले नवलपरासीमा पूर्वपश्चिम राजमार्ग सिलान्यास गर्दैगर्दा रक्सौल-काठमाडौं त्रिभुवन राजपथ संचालनमै थियो । २०३१ मा जारी सडक ऐनले राष्ट्रिय राजमार्गको केन्द्रबिन्दुबाट दायाँबायाँ २५/२५ मिटर क्षेत्राधिार कायम भएको हो । विभिन्न मितिमा घर, व्यावसायिक भवनलगायतका अन्य व्यावसायिक प्रयोजनका संरचनाको नक्सा पास गर्दा राज्यले चाहेको बखत निर्माण गरिएका संरचना हटाइदिने कबुलियतनामा २ सय ९८ जनाले गरेको फेला परेको उपमहानगर पालिका स्रोतले जानकारी दिएको छ । सडक अधिकार क्षेत्र र सेडब्याकसम्बन्धी कबुलियतनामा गर्नेमा राज्यको पूर्वपदाधिकारी, राजनीतिज्ञदेखि निजी क्षेत्रको ठूलो संस्था मकवानपुर उद्योग वाणिज्य संघलगायतका निकायमा नेतृत्वदायी भूमिका निर्वाह गरेका व्यक्तित्वसमेत छन् । घरधनीहरुले कबुलियतनामा मुआब्जा माग गरेर 'कहीं कतै कुनै उजुरबाजुर' नगर्ने सर्तसहित नक्सा पास लिएका थिए ।

कबुलियतनामा गर्दा घरधनीको कित्ता नम्बर, सडक ऐनले तोकेको सडक अधिकार क्षेत्रको नापजाँच, सडक विस्तार हुँदा छोड्नु पर्ने क्षेत्रफल स्पष्टसँग तोकिएको छ । कबुलियतना गरेर संरचना आफैं भत्काउने र उजुरबाजुर कतै नगर्ने सर्तमा नक्सा पास लिनेहरुले नै सर्वोच्च अदालतमा मुआब्जा माग गर्दै मुद्दा दायर गरेका छन् । हेटौंडा उपमहानगरपालिकाको रातोमाटेदेखि राप्तिपुलसम्म राष्ट्रिय राजमार्गमा पर्ने अतिक्रमित संरचना हटाएर सडक विस्तार गर्ने सडक डिभिजन हेटौंडाको सूचनाको ३५ दिने म्याद १५ साउनबाट सकिएको छ । तर, सडक विस्तार कार्य अगाडि बढ्न सकेको छैन । तर, राजमार्ग क्षेत्रमा रहेका घरधनीले मुआब्जा माग्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सडक विस्तार कार्य अगाडि बढ्न नसकेको हो । हेटौंडामा यसअघि २०७३ साल पुस १४ गते बजार क्षेत्रमा पहिलो पटक सडक विस्तारका लागि डोजर चलेको थियो । त्यतिबेला समयमा मनहरीदेखि राप्तीरोडसम्मका घरटहरामा डोजर चलेको थियो । तर, सडक डिभिजनको डोजर मुख्यबजार क्षेत्रको राप्तीरोडमा रहेको नेपाल टेलिकमदेखि अगाडि बढ्न खोज्दा घर धनी र व्यवसायीको आन्दोलन चर्किंदा प्रहरी र स्थानीयको झडपसँगै सडक विस्तार रोकिन पुगेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन २० गते शनिबार ५ अगष्ट २०२३ । चतुर्थी, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२९, सूर्यास्त ६:४९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# नेपालले कम विकसित मुलुकको खुट्किलो पार गर्दाको चुनौती



पुरुषोत्तम ओझा

आर्थिक तथा सामाजिक विकासको अवस्थालाई दृष्टिगत गरी सर्वप्रथम सन् १९७१ मा पेरिसमा सम्पन्न संयुक्त राष्ट्रसंघको सम्मेलनले मुलुकहरूलाई औपचारिक रूपमा नै कम विकसित, विकासोन्मुख तथा विकसित मुलुक भनी वर्गीकरण गरेको थियो । यसरी वर्गीकरण गर्दा आर्थिक तथा सामाजिक विकासका खास-खास सूचकांकलाई आधार बनाइएको थियो ।

त्यस बखत संयुक्त राष्ट्रसंघबाट प्रकाशित कम विकसित मुलुकहरूको सूचीलाई सो संघको विकास नीति समितिले प्रत्येक तीन-तीन वर्षमा पुनरावलोकन गर्ने र सामाजिक तथा आर्थिक विकासका तोकिएका सूचकाङ्क हासिल गरेका मुलुकलाई कम विकसित मुलुकको तहबाट उपल्लो तहमा उक्लनका लागि सिफारिश गर्ने गरिआएको छ । यस अनुसार ४६ वटा कम विकसित मुलुकमध्ये सन् २०२० सम्ममा ६ वटा मात्र सिंढी उक्लन सफल भएका छन् ।

हालैका वर्षमा संयुक्त राष्ट्रसंघ साधारण सभाले कम विकसित मुलुकको तहबाट माथि जान सिफारिश गरेका सात वटा मुलुकमध्ये दक्षिण एशियाली मुलुकहरू- भुटान, बंगलादेश र नेपाल पनि पर्दछन् ।

यी मुलुकमध्ये पनि भुटान यही वर्ष र बंगलादेश र नेपाल सन् २०२६ मा स्तरोन्नति हुने सूचीमा रहेका छन् । स्तरोन्नति हुनका लागि संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषदले तीन वटा योग्यताका शर्तहरू निर्धारण गरेको छ । पहिलो-प्रतिव्यक्ति आय, दोस्रो-मानव विकास सूचकाङ्क र तेस्रो आर्थिक तथा वातावरणीय जोखिमको अवस्थासँग सम्बन्धित रहेका छन् ।

विकास नीति समितिबाट गरिने दुईवटा त्रिवर्षीय पुनरावलोकन बैठकले यसमध्ये कुनै दुईवटा शर्तमा उल्लेखित योग्यता पूरा गरेको भएमा स्तरोन्नतिका लागि सिफारिस गर्ने व्यवस्था रहेको छ ।

यस अनुसार नेपालले प्रतिव्यक्ति आम्दानी बाहेकका अरु दुईवटा शर्त पूरा गरेको कारणबाट स्तरोन्नतिको सिफारिसमा परेको देखिन्छ ।

अबको तीन वर्षमा अन्यथा केही भवितव्य नभएमा नेपाल कम विकसित अवस्थाबाट कम आय भएको विकासोन्मुख मुलुकमा स्तरोन्नति हुनेछ । यसबाट मुलुक प्रगति पथमा अगाडि बढेको छनक त मिल्छ तर यससँग जोडिएर आउने चुनौतीलाई कसरी सामना गर्ने भन्ने अहं प्रश्न पनि सँगसँगै जोडिएर आउने गरेको छ ।

कम विकसित मुलुकको रूपमा विश्व आर्थिक प्रणाली अन्तर्गत तीन प्रकारका सुविधा प्राप्त भइरहेका छन् । पहिलो, विश्व व्यापार प्रणाली अन्तर्गत सहज बजार प्रवेश, विशेष एवं सकारात्मक विभेद, र व्यापार क्षमता विकासका लागि प्राविधिक सहायता ।

दोस्रो, कम विकसित मुलुक लक्षित वैदेशिक अनुदान र सहुलियत पूर्ण ऋण सहायताको उपलब्धता पर्दछन् भने तेस्रोमा वैदेशिक लगानीमा पर्ने असरलाई लिन सकिन्छ ।

कम विकसित मुलुक लक्षित वैदेशिक अनुदानमा कटौती हुँदा मुलुकले अहिले व्यहोरिरहेको विकास खर्चको कमीलाई भरथेग गरिरहेको एउटा स्रोत घट्न जाने भएकोले स्रोत व्यवस्थापनमा जटिलता थपिनेछ ।

सरकारले आन्तरिक रूपमा थप राजस्वको स्रोत जुटाउने लगायत यसको वैकल्पिक प्रबन्ध मिलाउनुपर्ने हुन्छ । यो काम पनि त्यति सहज र कम चुनौतीपूर्ण छैन ।

सहुलियतपूर्ण ऋण सहायताको उपलब्धता मूलत: विश्व बैंक, एशियाली विकास बैंक जस्ता बहुपक्षीय दातृ निकायसँग सम्बन्धित रहेको छ । यी संस्थाले कम विकसित वा विकासोन्मुख भन्ने वर्गीकरणको सट्टा कम आय वा मध्यम आय भएका मुलुकको रूपमा वर्गीकरण गर्ने भएकोले नेपालले पाउने सहायतामा खासै फरक पर्ने देखिंदैन ।

वैदेशिक लगानीको लागि स्तरोन्नतिले सकारात्मक सन्देश नै प्रवाह गर्ने भएतापनि जबसम्म लगानीका लागि आवश्यक पर्ने वातावरण अनुकूल बनाइँदैन तबसम्म लगानी भित्रिने कुरामा विश्वास गर्न सकिंदैन ।

यसैले स्वदेशी तथा वैदेशिक लगानी प्रोत्साहन गर्नका लागि कानुनी एवं प्रक्रियागत सुधारका साथै असल शासन पद्धतिका अवयवहरूलाई व्यवहारमा लागू गर्ने कुरामा विशेष ध्यान पुर्‍याइनुपर्दछ ।

स्तरोन्नति हुँदा मुलुकभित्रै औद्योगिक उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने र विदेशी मुद्राको सञ्चितिमा योगदान पुर्‍याउनका लागि महत्वपूर्ण रहेको निकासी व्यापारको क्षेत्रमा पर्न जाने नकारात्मक प्रभावका बारेमा बढी मात्रामा चर्चा हुने गरेको छ ।

नेपालको निकासी व्यापारको लागि भारतपछिको प्रमुख गन्तव्यको रूपमा रहेको अमेरिकी तथा युरोपियन बजारमा पाइरहेको सुविधा गुम्न गएमा निकासीमा गिरावट आउने स्पष्टै छ ।

कम विकसित मुलुक भएकै कारणबाट अमेरिकी बजारमा नेपालले सामान्य ग्राह्यता प्रणाली (जीएसपी) अन्तर्गतको सुविधा पाइरहेको छ भने सन् २०१५ को भूकम्पका कारण नेपाली अर्थतन्त्रमा परेको नकारात्मक प्रभाव कम गर्न अमेरिकी संसदले ७७ प्रकारका नेपाली वस्तुलाई शून्य भन्सार सहितको बजार प्रवेश सुविधा दिइआएको छ । यद्यपि नेपालले त्यो सुविधाको खासै रूपमा उपयोग गर्न सकेको छैन ।

भन्सार विभागबाट प्रकाशित गत वर्षको व्यापार तथ्यांक अनुसार नेपालको कुल निकासीको ६८ प्रतिशत भारतमा, १२ प्रतिशत संयुक्त राज्य अमेरिकामा, ८ प्रतिशत युरोपियन युनियनका २७ वटा मुलुकहरूमा, बेलायतमा २ प्रतिशत, र १० प्रतिशत बाँकी सबै मुलुकमा भएको देखिएको छ । छिमेकमा रहेका बंगलादेश र चीन जस्ता ठूला बजारमा नेपालको निर्यातको अंश क्रमश ०.४ र १ प्रतिशतको हाराहारीमा मात्रै देखिएको छ ।

नेपालको निर्यात व्यापारको ठूलो हिस्सा भारतले लिंदै आएको र भारतसँगको व्यापार द्विपक्षीय सम्झौता अनुरूप हुने गरेकोले सन् २०२६ पछिको अवस्थाले यसमा खासै फरक पार्ने देखिंदैन । अर्थात् भारतमा हुने निर्यातलाई स्तरोन्नतिले नकारात्मक प्रभाव पार्ने नभई बरु भारतसँगको द्विपक्षीय सम्झौताले व्यापार घट्न नदिन एक प्रकारको सुरक्षित साँचो (सेफ्टी भल्व) को काम गर्दछ ।

दोस्रो, ठूलो निर्यात गन्तव्यको रूपमा रहेको अमेरिकी बजारमा प्राप्त जीएसपी सुविधामा हुनसक्ने कटौतीलाई मध्यनजर राखी सोको सट्टामा सन् २०१६ देखि दिइआएको ७७ वटा वस्तुको संख्या विस्तार गर्ने र सुविधाको अवधि अर्को दश वर्षको लागि थप गर्ने कूटनीतिक पहल लिन उपयुक्त हुन्छ ।

निर्यातको तेस्रो ठूलो बजारको हिस्साको रूपमा रहेको युरोपियन युनियनको बजारलाई जोगाइराख्ने अर्को ठूलो चुनौती नेपालले सामना गर्नुपर्ने हुन्छ । उक्त युनियनले कम विकसित मुलुकलाई दिइआएको 'हतियार बाहेक सबथोक' अन्तर्गतको सुविधा गुम्दा मूलत: नेपालको तयारी पोशाक, गलैंचा र हस्तकलाका वस्तुको युरोपियन बजार प्रवेशको अवसर खुम्चिन जानेछ ।

यसबाट मुक्ति पाउन एकातर्फ स्वदेशभित्रै उत्पादन हुने वस्तुको प्रतिस्पर्धी क्षमतालाई सुदृढ गर्ने र अर्कोतर्फ केही वर्षको लागि अर्थात् अर्को संक्रमण अवधिको लागि सुविधाको निरन्तरताको लागि पहल गर्ने दुई वटा विकल्प देखिएका छन् ।

वास्तवमा कम विकसित मुलुकलाई सुविधा दिने र फरक एवं सकारात्मक विभेदको व्यवहार गर्ने विषय खासगरी विश्व व्यापार संगठन र क्षेत्रीय व्यापार प्रणालीले निर्देशित गरेका छन् । यसका विविध पक्षहरूमा सरलीकृत उत्पत्तिको नियम, व्यापारका घोषित नियम पालना गर्न थप समय र क्षमता विकासको लागि बाह्य सहायता, व्यापार संरक्षण उपाय र बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी खुकुलो प्रबन्ध आदि रहेका छन् ।

कम विकसित मुलुकको अवस्थाबाट स्तरोन्नति हुने प्रसङ्गले मुलुकले निकासी व्यापार बढाउन नयाँ रणनीति अंगीकार गर्नुपर्ने आवश्यकतालाई इंगित गरेको छ । दीर्घकालीन र दिगो निकासी व्यापारका लागि मुलुकको तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका वस्तु तथा सेवाको उत्पादकत्व वृद्धि, प्रतिस्पर्धी क्षमताको विकास एवं निकासी प्रवर्धनको सक्रियता पहिलो शर्त हो ।

यसैगरी कम विकसित मुलुकको स्तरबाट स्तरोन्नति हुँदा गुमाउनुपर्ने सुविधा मूलत: बहुपक्षीय तथा क्षेत्रीय व्यापार सम्झौतासँग सम्बन्धित रहेका छन् । यसैले अबका दिनमा नेपालले उल्लिखित सम्झौताको विकल्पमा द्विपक्षीय सम्झौतामा जोड दिनु उपयुक्त हुनेछ ।

यसमा पनि नजिकका छिमेकी चीन, बंगलादेश, र निर्यातका लागि सम्भाव्य रहेका विकसित मुलुक- बेलायत, जापान, अष्ट्रेलिया, मध्यपूर्वका मुलुकहरू र उदीयमान अर्थतन्त्रको सूचीमा रहेका मुलुकलाई प्राथमिकतामा राख्न सान्दर्भिक हुनेछ । बलियो अर्थतन्त्रको जग बसाउन आवश्यक पर्ने कृषि तथा औद्योगिक क्षेत्रको विकास तथा प्रवर्धनका साथै मुलुकमा लगानीयोग्य वातावरण तयार नभएसम्म दिगो व्यापारको अवधारणालाई मूर्तरूप दिन सकिंदैन ।

*(साभार: अनलाइनखबर)*

# दोहोरो नागरिकता दिनुमात्र होइन, थप दायित्व बोकाउनु पनि हो

सुरेन्द्र नेपाल श्रेष्ठ

दोहोरो नागरिकताको सिद्धान्तलाई अवलम्बन गर्ने र नगर्ने देशहरू बराबरी नै छन् । विश्वव्यापीकरण र आप्रवासनले सबै कुरालाई नयाँ आकार दिइरहेको छ । दोहोरो नागरिकताको महत्व सन् १९९० को दशकदेखि आर्थिक अवसरहरूको खोजी गर्ने सम्भावना सहितको उच्चस्तरको माध्यम बनेको छ ।

दोहोरो नागरिकता दिने देशहरूमा अमेरिका र ओशिनिया छिटो तथा अफ्रिका र एसिया सुस्त रूपमा थपिइरहेका छन् । दोहोरो नागरिकता भनेर घोषणा नगरे पनि ७५ प्रतिशत देशहरूले यसप्रति अधिक सहिष्णु दृष्टिकोण राखेको कारण आफ्नो देशका नागरिकहरूलाई अन्य देशको नागरिकता लिन सरल कानुनी प्रक्रिया निर्माण गरेको पाइन्छ । आफ्नो अनुकूलता अनुसार सीमित देशहरूसँग मात्र यस्तो सुविधा प्रयोग गरेको पनि पाइन्छ । जस्तै अर्जेन्टिनाले इटाली र स्पेनमा तथा पाकिस्तानले १९ वटा देशहरूमा बस्ने आफ्नो नागरिकहरूलाई मात्र दोहरो नागरिकता दिने गरेको छ ।

संविधानले हामीलाई राजनीति बाहेक अन्य अधिकार दिइनै सकेको छ । त्यस अनुसारको नागरिकता पाउनको लागि हालै संशोधन गरेको नागरिकता ऐनको दफा ४ मा साबिकको ऐनको दफा ७ (क) थप व्यवस्था गरिएको छ । यो ऐन अनुसार नागरिकता लिने कति होलान् त्यो भविष्यले नै बताउने छ । तर अहिले प्रायजसोले यो त विदेशमा बस्ने ८० लाख नेपालीहरूले सुरु देखि उठाएको माग पुरा भएको ठानिएको छ । पहिला व्यवस्था भएको दुई वर्ष भन्दा बढी सार्क राष्ट्र बाहेक अन्य देशहरूमा बस्ने विद्यार्थी र कर्मचारी बाहेक अरूले पाउने परिचय पत्र अझै पनि प्रयोग हुने नै छ । अहिलेसम्म के कतिले यस्तो प्रमाण पत्र लिएका छन् भन्ने यकिन छैन । नेपालको नागरिकता ऐनको दफा १० अनुसार कसैले स्वेच्छाले विदेशको नागरिकता प्राप्त गरे नेपालको नागरिकता स्वत: खारेज हुने कानुनी व्यवस्था छ । तर अधिकांशले त्यही नागरिकता प्रयोग गरिरहेको खुला वास्तविकता हो । अहिले नागरिकता लिने बेलामा पुरानो नागरिकता छाड्न पर्ने भयो भनी रहेका छन् । कानुनी मान्यता नभएको नागरिकता प्रयोग गरेको भेटिँदा सजाय बेहोर्न परेको उदाहरण पनि छन् ।

हामीले राजनीतिक अधिकार सहितको नागरिकताको माग गर्दा स्वत: नेताहरूको मनमा चिसो पस्ने गर्दछ । यो समस्या माथिल्लो नेताहरू भन्दा गाउँ र जिल्लास्तरमा झन् धेरै देखिन्छ । नेताहरू मात्र होइन जनस्तरमा पनि दोहोरो नागरिकता प्रति पुरै नकारात्मक सोचाइ छ । दोहोरो भन्ने बित्तिकै दुवै हातमा लड्डु वा दुई डुङ्गामा खुट्टा भनी हाल्छन् ।यस्तो व्यवस्था हुन् नसक्ने मुख्य कारण चाहिँ भारत र चीनजस्ता ठुला देशहरूको बिचमा रहेको देश भएकोले हो भन्ने गरेको छ । सुन्दा पनि दुई तिरको भन्दा अलि नमिलेको जस्तो स्वार्थी जस्तो सुनिन्छ । तर यस विषयलाई हामीले गम्भीरता पूर्वक सोच्न आवश्यक छ ।

नेपालको जनगणना अनुसार पनि बाल शिशु दरको संख्या ओरालो लागिरहेको देखिन्छ । देशका युवाहरू सकेसम्म विदेश जाने र विकसित देशमा पुग्नेहरू फर्केर नआउने प्रचलन बढेको छ । देशमा बस्ने युवा युवतीहरू पनि कतिले विवाह नगर्ने र विवाह गर्नेहरूले पनि धेरैले एक मात्र सन्तान चाहने कारण केही वर्ष भित्र नेपालले जटिल प्रकारको समस्या बेहोर्न पर्ने देखिन्छ । देशमा त वंशजको नागरिकहरू कमी हुने नै भयो तर संसारभर अन्यत्र नागरिकता पाउने देशमा बसोबास गर्ने अनि नेपाल र नेपालीलाई चिनाई रहनेहरू पनि आफूले वंशजको नागरिकता गुमाउन परेको पिडा सहिरहन पर्ने हुन्छ । नेपाल जस्तो सानो देशले यति छोटो अवधिमा यति धेरै वंशजका नागरिकहरू गुमाउनु भनेको भविष्यको लागि अति दुखदायक विषय हुनेछ ।

नकारात्मक रूपमा नेपाललाई आसाम र फिँजी बनाउन सक्ने उदाहरण मात्र दिनु भन्दा वास्तविक रूपमा नेपाली मूलको कमी हुनु भनेको गम्भीर विषय हो । विदेशीको संख्या बढेर नेपाललाई निलिदिन सक्छ भनेर मात्र होइन हामी मानसिक रूपमा सधैँ नेपाली भनी रहँदा पनि कानुनी रूपमा आफू जन्मेको माटोमा गाडिएको नाभि सँगको नाता तोडिनु कुनै हालतमा पनि सही हुन् सक्दैन । नागरिकता दिनु भनेको अधिकार मात्र दिने होइन त्यस सँग थपिएको दायित्व आवश्यक पर्दा देशले उपयोग गर्न सक्नु अर्को महत्त्वपूर्ण विषय हो ।

विदेशको नागरिकता त्याग गरे पछि तुरुन्तै नेपालको नागरिकता पाउने कानुनी व्यवस्था पनि छ । कोही कसैले स्थायी रूपमा नेपाल बस्ने वा राजनीतिमा प्रवेश गर्न पर्ने भयो भने कुनै पनि दिन विदेशको नागरिकता त्याग गर्न सकिन्छ । स्थायी रूपमा विकसित देशमा बसोबास गर्ने तर अलि लामो समय आफ्नो देशमा बस्न चाहनेहरूलाई कानुनी रूपमा पनि आफू नेपाली नै हौ भन्न दिनु उपयुक्त हुन्छ । दोहरो नागरिकता स्वीकार गर्ने देशमा बसोबास गर्नेहरूको लागि मात्र यस्तो व्यवस्था गर्न सकिने भएको कारण छिमेकी देश ठुला छन् सबै आउँछन् भन्ने तर्कको कुनै अर्थ नै रहँदैन ।कमसेकम त्यति देशमा बसोबास गर्ने आफ्नो नागरिकको वंशजको नागरिकता कायम राख्न सक्नु पनि उपलब्धि मान्नु पर्ने हुन्छ । नेपालमा बसोबास गरे पनि बिरामी हुँदा वा अन्य आपत् विपत्मा विदेश जान सक्ने आधार बाँकी रहँदा त्यस्तो अवस्थामा देशको लागि भार पनि कमी हुने नै छ । यसलाई उल्टो गरेर सोच्न पनि सकियो बाहिर गारो भयो भने सबै यता थुप्रियो भने के गर्ने ? त्यसो त यो अधिकार गैर आवासीय नेपाली नागरिकहरूलाई पनि प्राप्त हुन्छ नै ।

गैर आवासीय नेपाली नागरिकता लिने प्रक्रियाबारे नियमावली निर्माण हुने क्रममा छ । संशोधित ऐनको दफा ७(क) ५ को (४) अनुसार यो नागरिकता प्राप्त गर्ने व्यक्तिलाई तोकिए बमोजिम शपथ गराउनु पर्नेछ भन्ने व्यवस्था छ । यसको मतलब यो पनि एक प्रकारको नागरिकता नै हो । अन्तर्राष्ट्रिय कानुनी सिद्धान्त र प्रचलन अनुसार राजनीतिक अधिकार नभएको व्यक्तिलाई नागरिक भन्न नसकिने भन्ने छ । तर यो कुनै पनि नागरिक राजनीतिक अधिकारबाट वञ्चित हुने छैन भन्ने सर्वमान्य सिद्धान्तसँग मात्र सरोकार राख्ने विषय हो । दुई देशको नागरिक भए पछि एक देशमा राजनीति वा मत हाल्ने अधिकार भए पछि अर्को देशमा पनि समान अधिकार पाउनु पर्छ भन्ने जिकिर सही हुन् सक्दैन ।

विश्वको कुनै देशको नागरिकको हैसियतमा राजनीतिक अधिकार प्राप्त छ भने जति वटा देशको नागरिक छ सबै देशमा त्यही अनुसारको अधिकार चाहिन्छ भन्न आवश्यक छैन । जुन अधिकार प्रयोग गर्न सम्भव नै हुँदैन त्यो पाउनु मात्र पनि ठुलो कुरा होइन । त्यसो त एकै देशमा बस्ने नागरिकको पनि उमेरको आधारमा विभिन्न अधिकारहरूमा भेदभाव हुन्छन् । नेपालको कुरा गर्दा १६ वर्ष उमेर पुगे पछि नागरिकता लिन पाइयो तर १८ वर्ष नपुगे सम्म भोट हाल्न पाइँदैन । त्यसो भए यो दुई वर्ष उ नेपालको नागरिक होइन भन्न पाइयो र ? त्यस्तै चुन्न पाइनेले चुनिन पनि पाउन पर्छ भन्ने छ तर २१ वर्ष नपुगे सम्म उम्मेदवारी दिन पाइँदैन । कुनै पनि शीर्ष पदमा उम्मेदवार हुन् ४५ वर्ष उमेर पुगेको हुन् पर्छ । त्यसैले राजनीति गर्ने हो भने विदेशको नागरिकता छाडेर आऊ देशमा नै बस तर विदेशमा बसोबास गरे पनि मिल्ने जति देशमा बस्नेहरु वंशजको नागरिकता कायम होस् भनेर किटानी व्यवस्था किन नगर्ने ? ढिलो वा चाँडो यो हुन् पर्छ र हुन्छ नै । यसको पहलकदमी हामीले आजै किन नलिने ? चलन चल्तीमा अर्को एउटा तर्क पनि सुन्ने गरेको छ । दुई देशको नागरिक भए नेपालमा बस्ने अवैध रूपमा कुस्त कमाउने अनि विदेश भाग्छन् देशको माया गर्दैनन् । यसको लागि त इन्टरपोल र सुपुर्दगीको सम्झौतामा हस्ताक्षर गरिएकै छ ।

माओवादी पार्टी शान्ति प्रक्रियामा आए पछि यसका विभिन्न तहका नेताहरूलाई गैर आवासीय नेपाली सै र यसको अभियानबारे विविध ढङ्गले जानकारी गराउने काममा सक्रिय रहियो । यही पृष्ठभूमिको कारण हामीलाई संगठनले पटक पटक विभिन्न जिम्मेवारीहरू पनि दिएको छ । यो अभियानको सुरुवातमा नै अध्यक्ष प्रचण्ड विदेशको नागरिकता लिनेहरूको वंशजको नागरिकता बदर गर्ने भन्दा पनि निलम्बन गर्ने भन्ने विषयमा राजी हुनुहुन्थ्यो ।

*(साभार: रातोपाटी)*

एक क्विन्टल सुन तस्करी प्रकरण :

# चुवानमार्फत् तस्करले जाँच्न खोजेको थियो विमानस्थलको सुरक्षा प्रणाली




काठमाडौं/साउन २ गते साँझ साढे ५ बजे एक क्विन्टल भन्दा बढी बढी सुन बरामद भयो । त्यसैको पर्सिपल्ट बिहान साढे ११ बजे त्रिभुवन विमानस्थल भन्सारको अध्यागमनबाट चिनियाँ नागरिक जेक्यु चुवान समातिए ।

चुवान तिनै व्यक्ति हुन्, जो साउन २ गते साँझ बरामद भएको सुन बालुवाटार गोदाममा भरियाबाट बुझेर लाजिम्पाटको गोदामसम्म पुऱ्याउने गर्थे । उनी सुन तस्करीमा संलग्न भरियाभन्दा माथिल्लो तहका व्यक्ति थिए, उनले सुन बोक्ने भरियालाई चिन्दथे । तस्करीका उपल्लो घेरासँग पनि परिचित थिए ।

तस्करको आफूभन्दा माथिल्लो तहबारे जानकार र गोदामहरु व्यवस्थापनमा संलग्न चुवान नेपाली सुरक्षा प्रणालीलाई छल्दै चीन भाग्ने योजनाका साथ विमानस्थल त पुगे, तर उनको मिसन फत्ते भएन ।

नेपालको अध्यागमनको सुरक्षा प्रणाली कत्तिको प्रभावकारी छ, अन्य तस्करलाई भगाउन सकिन्छ कि सकिन्न भन्ने जाँच्न उनलाई पहिलोपटक विमानस्थल पठाइएको हुन सक्ने अनुमान राजस्व अनुसन्धान विभागका अधिकारीहरुको छ ।

जब जेक्यु चुवान समातिए, तब दावा छिरिङलगायत काठमाडौंमै रोकिन पुगे । सुन प्रकरणको अनुसन्धान गरिरहेका अधिकृतहरु भन्छन् 'चुवान नसमातिएको भए सुन प्रकरणको दोस्रो घेरा त सबै छुट्थ्यो नै, तेस्रो घेरासम्म त अनुसन्धानको परिकल्पना नै हुँदैन थियो ।'

अनुसन्धानका क्रममा खुल्दै गएका तथ्यअनुसार तस्करीमा संलग्न चिनियाँ समूहका नाइके दावा छिरिङ र नाइकेहरुले उनलाई भगाउन खोज्नुमा अनुसन्धानको क्रममा उनी नसमातिउन् भनेर नै थियो ।

'चुवान नसमातिएका भए विमानस्थलसम्म सुन प्रकरणको सूचना नपुगेको भन्दै सबै चिनियाँ एकैपटक उड्ने गरी टिकटको बन्दोबस्त पनि अनुसन्धानको क्रममा खुल्यो', ती अधिकारी भन्छन् 'जब चुवान विमानस्थलबाट नियन्त्रणमा आए तस्कर समूह पानीमाथिको माछाजस्तै भए ।'

अनुसन्धान क्रममा खुलेको तथ्यअनुसार नेपालमा सुन बरामद भएपछि हुनसक्ने सम्भावित अनुसन्धानबाट बचन चिनियाँ तस्करहरुले नेपाल छोड्ने सबै बन्दोबस्ती पूरा गरेका थिए ।

सबैजना एकैपटक विमानस्थल पुग्दा शंका हुने र पक्राउ पर्नसक्ने भन्दै उनीहरुले सबैभन्दा पहिले नेपाली भरियासँग चिनजान भएका चुवानलाई नेपालबाट बाहिऱ्याउन विमानस्थल पठाएका थिए । चुवान चाइना साउदर्न एयरबाट चीनको छेन्दु उड्दै थिए ।

साँझ साढे ५ बजे सुन समातिएपछि विभाग सबैभन्दा पहिले त्यसको गुणस्तर परीक्षणका लागि दौडियो । सुन अपरेशनलाई फिल्डबाटै परिचालन गरिरहेका विभागका महानिर्देशक नवराज ढुंगानालाई यसपटक सुन मात्रै होइन भरिया र मालिक एकै पटक पक्रनुपर्छ भन्ने हुटहुटी थियो ।

रातिको ११ बजेसम्म सुनको परीक्षणसंगै सुनसंग जोडिएका भरिया तहका केही मान्छे नियन्त्रणमा आइसकेका थिए । ती मानिसलाई विभाग परिसरमा एक निर्देशकले सोधे 'यो सुन विभागले नसमातेको भए कहाँ लैजान्थ्यौ ?' कोही बोलेनन् । ती निर्देशकले फेरि 'सोधे सिधा सिधा बोल्ने कि बोल्न लगाउने ?' एक जनाले सानो स्वरमा भने 'बालुवाटारमा एउटा चाइनिजले लिन्थे ।'

त्यसपछि ती निर्देशकले महानिर्देशकलाई रिपोर्टिङ गरे 'सर बालुवाटार दौडिनुपर्ने भयो ।' महानिर्देशक नवराज ढुंगानाले आवश्यक सबै तयारीसहित हिँड्न र थप केही परे सम्पर्कमा रहन निर्देशन दिए । सुनसहित बरामद भएको ट्याक्सीमा विभागका केही सशस्त्र प्रहरी र बालुवाटार क्लु दिनेलाई हालेर ती निर्देशक बालुवाटार दौडिए ।

जसले बालुवाटार क्लु दियो तिनले बाटोमा जाँदै गर्दा ठीक लोकेसन दिएनन् भने कुरा पनि चपाउन थाले । 'कहिले महाजगञ्ज, कहिले चण्डोल त कहिले कता, टिम घुमिरह्यो । उनले ठीक लोकेसन रातिको साढे २ बजे मात्रै दिए', ती अधिकारीले सुनाए । त्यो थियो बालुवाटारको प्रधानमन्त्री निवास नजिकैको एउटा तीन तले घरको ग्राउण्ड फ्लोरमा एउटा सटर ।

अनुसन्धान टोलीले राति नै घरबेटीलाई तत्काल उठाएर सोध्यो, 'यो सटरमा केछ ? घरबेटीले जवाफ दिए थाहा छैन ? यो कसले भाडामा लिएको हो ? निर्देशकले पुन: प्रश्न गरे- घरबेटीले भने- चाइनिज हो । निर्देशकले फेरि सोधे, चिन्नु हुन्छ ? घरबेटीले भने चिन्दिनँ । नचिनेको मान्छेलाई घर भाडामा दिने ? कुनै सम्झौता छैन ? निर्देशक कड्किए । घरबेटीले केही नभएको सुनाए ।

निर्देशकले विमानस्थलमा ठूलो परिमाणमा सुन भेटिएको र तस्करीको सुन यहाँ राख्ने गरिएको पाइयो । तपाईं पनि हामीसँग विभाग हिंड्नुस् । रातिको २ बजे पक्राउ पर्ने भएपछि आत्तिएका घरबेटीले कोठा भाडामा लिने चाइनिजको पासपोर्टको फोटो खिचेको भन्दै अडानबाट गले ।

घरबेटी बाबुलाल डंगोलबाट लिएको पासपोर्टको फोटो ती निर्देशकले महानिर्देशक नवराज ढुंगानालाई फरवार्ड गरेर भने, 'यसलाई तत्काल ब्लक गर्नुपऱ्यो ।' महानिर्देशकले जवाफ फर्काए 'डन ! गो अहेड ।'

टोलीले राति नै सो सटर सिल गऱ्यो । र बोलाएको बेला विभागमा हाजिर हुने शर्तमा घरबेटीलाई छोडेर विभाग फर्कियो । यतिबेला रातिको साढे ३ बजिसकेको थियो ।

विभागका अनुसन्धान अधिकारीहरुका अनुसार यतिबेलासम्म तस्करीको यती ठूलो घटनाबारे सर्वसाधारणलाई जानकारी थिएन । सुनबारे केही भरिया पक्राउ परेका थिए । सुन लैजाने एउटा गोदाम फेला परेको थियो र सुन लिने चाइनिजको पासपोर्टको फोटो पनि । बिहान भइसकेका कारण विभागको टोलीका कोही सुतेनन् । ३ साउनको दिन बिहानैदेखि फेरि तस्करीमा संलग्नको खोजी र अपरेसन पुन: सुरु भयो ।

दिनभरको अपरेसन सुन ल्याउने कम्पनीका सञ्चालक दीलिप भुजेल, उनलाई कम्पनी खोल्न सघाउने मामा रामकुमार भुजेल र मामालाई सघाउने तिब्बतियन नागरिक थुप्तेन छिरिङ पक्राउ परे । साँझ सुन समातिएको कुरा मिडियामा चुहियो ।

प्रधानमन्त्रीसँग प्रत्यक्ष रिपोर्टिङमा रहेको विभाग चाहन्थ्यो सुन प्रकरणका मुख्य अभियुक्त पक्राउ गरेर मात्रै कुरा बाहिर जाओस् । मिडियामा सूचना चुहिएपछि संलग्नहरु भाग्नसक्ने डर थियो ।

**चिनियाँसम्म पुग्न क्लु बनेका चुवान**

४ साउनको बिहानैदेखि विमानस्थलबाट एक क्वीन्टल सुन छिरेको विषयले देश तरङ्गित बन्यो । विभागमाथि सफलतासँगै थप संलग्नहरु पक्राउ पर्लान् कि नपर्लान् भन्ने दबाब पनि थियो । तर, साढे ११ बजे चीनको छेन्दुका लागि उड्न लागेका चिनियाँ नागरिक आइपुगेको जानकारी अध्यागमन विभागले राजस्वलाई पठायो ।

विभागका महानिर्देशक नवराज ढुंगानाले मध्यरात मै आफ्ना निर्देशकले पठाएको पासपोर्टको फोटो अध्यागमनमा पठाएर ब्लक गर्न भनेका रहेछन् । सोही आधारमा लिङ चुवानलाई पक्राउ गरेर विभागमा ल्याइयो । 'मध्यरात बालुवाटार नजाउँ कि भन्ने पनि थियो', ती अनुसन्धान अधिकृत सम्झन्छन् 'तर, नगएको भए सुन तस्करी प्रकरण भरियामै सीमित हुने थियो ।'

जब चुवान हिरासतमा आए उनले सुरुमा चिनियाँबाहेक केही बोल्न नजानेको बताए । उनीबाटै थप अघि बढ्ने योजनामा रहेको विभाग केही समय अल्झियो पनि तर चुवान दोस्रो दिनमै बोल्न थाले ।

चुवानले आफूले बालुवाटारबाट रिसिभ गर्ने सुन लाजिम्पाटमा लगेर कोही चिनियाँलाई दिने गरेको बताए । त्यही आधारमा विभागले लाजिम्पाटमा गोदाम फेला पाऱ्यो । सोही गोदामबाट प्राप्त डकुमेन्टले गोदामको पछिल्तिर चिनियाँले भाडामा लिएको अपार्टमेन्ट पनि फेला पऱ्यो । यस्तै अपार्टमेन्टबाट विभागको टोली सोह्रखुट्टेको गोदामसम्म पुग्यो । सोह्रखुट्टेको गोदामले विभागको अनुसन्धानलाई भियना होटलमा पुऱ्यायो भने भियाना होटलबाट विभागको अनुसन्धान टोखाको फ्याक्ट्रीमा पुग्यो ।

शनिबार १३ साउनको दिन अपरान्ह ४ बजेदेखि सुरु भएको टोखाको अपरेसन बिहान ५ बजे सकियो । फ्याक्ट्रीबाट सिधै ठमेल आएर विभागले तस्करीका नाइके बेल्जियमका नागरिक दावा छिरिङलाई नियन्त्रणमा लियो । १४ साउनको बिहान छिरिङ नियन्त्रणमा आएपछि विभाग अहिले उनको बयान र अनुसन्धानमा केन्द्रित छ । नेपालमा हुने सुन तस्करीको मूल्य व्यवस्थापक र योजनाकार दावा नै भएको निष्कर्षमा विभाग पुगेको छ ।

दावा र उनका चिनियाँ सहकर्मीसँग जोडिएका सुनका गोदाम र टोखाको फ्याक्ट्रीले पछिल्लो ३ वर्षदेखि नेपालमा सिलसिलेवार सुन तस्करी भएको र यो सयौं किलोमा रहेको देखिएको छ । 'नेपालको सुरक्षा, भन्सार प्रणाली र सुरक्षा निगरानी निकायभित्रै 'पेनिट्रेट' गरेर भएको सुन तस्करीमा विभाग मूल बाटोमा पुगेको छ', उच्च अधिकारी भन्छन् 'अनुसन्धान चल्दै जाँदा धेरै कुरा छर्लङ्ग हुँदै जानेछ ।'

*(स्रोत: अनलाइनखबर)*

# विद्यार्थीलाई हल तान्न कलेज डुल्दै 'ऐंचौ पैंचो' टिम




काठमाडौं/आगामी भदौ १४ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'ऐंचौ पैंचो'ले किशोरावस्थाका विद्यार्थीलाई लक्षित गर्दै 'कलेज प्रचार अभियान' सुरु गरेको छ । बुधबार फिल्मका मुख्य कलाकारहरु राजाराम पौडेल, सुशील सिटौला र सारदा गिरी (काली बुढी)ले काठमाडौंको टेक्सास इन्टरनेशनल कलेजले आयोजना गरेको ओरेन्टेसन कार्यक्रममा उपस्थिति जनाएर विद्यार्थीहरुलाई फिल्म हेर्न निम्तो दिए ।

त्यस कार्यक्रममा तीनै जना कलाकारले फिल्ममा समावेश 'काले केटाले' गीतमा नृत्य पनि गरे । उनीहरुसँग सेल्फी लिन विद्यार्थीहरु झुम्मिएको दृश्य हेर्नलायक थियो । फिल्मलाई लिएर कलेजका विद्यार्थीहरुमा देखिएको उत्सुकता र चासोले आफू उत्साहित भएको अभिनेता सिटौला बताउँछन् । कलेजमा गरिएको फिल्मको प्रचार प्रभावकारी हुनेमा निर्देशक कृषा चौलागाइँ विश्वस्त देखिन्छिन् ।

केपी फिल्मस्को ब्यानरमा तयार भएको 'ऐंचौ पैंचो'मा स्वस्तिमा खड्का, मुकुन भुषाल, वर्षा राउत, रमेश बुढाथोकी, बुद्धि तामाङ, र विन्द्र झा, कोशिस क्षेत्री, विशाल पहारीलगायतको पनि अभिनय रहेको छ । एक हप्ता अगाडि युट्युबमा रिलिज भएको फिल्मको 'काले केटाले' गीतले दर्शकहरुबाट सकारात्मक प्रतिक्रिया प्राप्त गरेको छ । गीतलाई साढे १६ लाखभन्दा बढीले हेरिसकेका छन् ।

प्रितम लामिछाने र आध्या लामिछाने निर्माता रहेको यो फिल्ममा अभिमन्यु निरवीको कथा, पुरुषोत्तम प्रधानको छायांकन, कविराज गहतराजको कोरियोग्राफी, शुजिल कर्माचार्यको पार्श्व संगीत, सत्यम राणको भीएफएक्स, मुकेश शाहको साउण्ड डिजाइन, भोला सुवेदी प्रोडक्सन कन्ट्रोलर र विनय राज पौडेल मुख्य सहायक निर्देशक छन् भने विपिन मल्ल र भुपेन्द्र अधिकारीको सम्पादन छ ।

# राजनीतिमा प्रवेश गरेपछि अभिनय छाड्ने राजेश हमालको संकेत




काठमाडौं/नेपाली फिल्ममा चार दशक बिताइसकेका सुपरस्टार राजेश हमाल विगतमा झैं वर्तमान अवस्थामा अभिनयमा उत्ति सक्रिय छैनन् । तर, उनी अभिनयबाट टाढा पनि छैन । उनले ६ वर्षपछि फिल्म 'मायाको माया'बाट कमब्याक गर्दैछन् । अब उनी राजनीतिमा आउने चर्चा चलिरहेको छ । विभिन्न नयाँ तथा पुराना राजनीतिक दलबाट उनलाई चुनाव लड्न बारम्बार प्रस्ताव पुगिरहेको हुन्छ ।

गएको स्थानीय निर्वाचनमा अभिनेता हमालले अर्को निर्वाचन सम्ममा आफू राजनीतिमा आउन सक्ने बताएका थिए । हालै एक टीभी अन्तर्वार्तामा पनि उनले राजनीतिमा आउन सक्ने संकेत गरेका छन् । राजनीतिमा आएको खण्डमा कला क्षेत्र पूर्ण रुपमा छाड्ने मनस्थितिमा उनी छन् । केही योगदान गर्न सकिन्छ भन्ने लागेको अवस्थामा मात्र राजनीतिमा आउने अभिनेता हमालको भनाई छ ।

उनी भन्छन्, 'म राजनीतिमा गएर केही योगदान दिन सक्छु भन्ने लाग्यो भने राजनीतिमा आउँछु । यत्तिका वर्षसम्म फिल्ममा काम गरेँ, यो विन्दूमा पुगेँ अब नयाँ खुड्किलो के त भन्ने मनसायले चाहिँ म राजनीतिमा आउँदिनँ । मलाई मनदेखि केही न केही दिशा प्रदान गर्न सक्छु भन्ने सशक्त भावना आयो भने म इमानदारितापूर्वक राजनीतिमा लाग्न पनि सक्छु । कला क्षेत्र च्वाटै छोडेर पनि ।'

कुनै समय विवाहको प्रश्नले हैरान भएका हमाललाई विवाहपश्चात् बच्चाको प्रश्नले छाडेको छैन । उनले आफूहरु दुवैजनाको योजना नभएकाले पनि बच्चा नभएको स्पष्ट पारेका छन् । बच्चाको बारेमा उनी अन्तर्वार्तामा भन्छन्, 'हामी दुवैजनाको योजना नभएर नै हो सन्तान नभएको चाहिँ । यत्तिका वर्षसम्म किन सन्तान भएन भन्ने विन्दूमा हामी दुवैजना छैनौं । र, यो हाम्रो व्यक्तिगत स्वतन्त्र हो ।'

# 'एक्स ९'मा हुन नसकेको अनमोल र नीतिको सहकार्य 'रावायण'मा



काठमाडौं/एउटा उखान छ, 'घुमिफिरी रुम्जाटार ।' यही भएको छ नीति शाहको हकमा । अभिनेता अनमोल केसीको जोडी बन्ने गरी गत वर्ष उनले फिल्म 'एक्स ९' सम्झौता गरेकी थिइन् । तर पछि अनमोलले फिल्म छाडे । जसले गर्दा उनीहरुबीच सहकार्य हुन सकेन । तर, नीतिको भाग्यमा अनमोलकै फिल्मबाट डेब्यू गर्न लेखेको रहेछ । अब फिल्म 'रावायण'मा यी दुईको जोडी बाँधिने भएको छ ।

बलिउड अभिनेता अनुपम खेरको एक्टिङ स्कुलमा अभिनय कोर्ष गर्न मुम्बई पुगेकी उनी बुधबार नेपाल फर्किएकी थिइन् । नेपाल आएको भोलिपल्टै अर्थात् बिहीबार उनले 'रावायण' साइन गरेकी हुन् । उनी यही फिल्म सम्झौता गर्न नेपाल आएको जानकारीमा छ । अनमोल यसअघि नै अनुबन्ध भैसकेका छन् । प्राप्त जानकारी अनुसार अनमोल रावायण र नीति सीताको भूमिकामा हुनेछन् ।

सुदर्शन थापाको निर्देशनमा बन्न लागेको फिल्मको कथा, पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका छन् । सुदर्शन थापा प्रोडक्सनको ब्यानरमा बन्न लागेको फिल्मको निर्मातामा सुप्रिया कटुवाल छिन् । सुप्रिया निर्देशक थापाकी श्रीमती तथा अभिनेत्री हुन् । उक्त फिल्ममा अनमोलको डबल रोल रहने जनाइएको छ । उनी पहिलो पटक फिल्ममा दोहोरो भूमिकामा देखिन लागेका हुन् ।

नीतिले यसअघि तीन फिल्म सम्झौता गरेको भए पनि 'रावायण' डेब्यू हुनेछ । उनले पहिलो फिल्मको रुपमा 'हुतुत' सम्झौता गरेकी थिइन् । यो फिल्म बन्न सकेको छैन । दोस्रो फिल्म 'एक्स ९'को निर्माण पनि अन्योल छ । उनले गत वर्ष फिल्म 'कामिनो' सम्झौता गरेकी थिइन् । तर, समयमा नै छायांकन सुरु नभएपछि उनी फिल्मबाट बाहिरि सकेकी छन् । आशा गरौं, 'रावायण' चाहिँ बन्नेछ ।

# फैलियो आँखा पाक्ने रोग, कसरी बच्ने ?

काठमाडौं/केही दिनयता देशका विभिन्न ठाउँमा आँखा पाक्ने रोग फैलिरहेको छ । चिकित्सकीय भाषामा आँखा पाक्ने रोगलाई 'एडिनो भाइरस कन्जन्टिभाइटिस' पनि भनिन्छ ।

सुर्खेत आँखा अस्पतालको बहिंरग सेवामा ६ सयभन्दा बढी बिरामी आँखा जचाउन आउने गरेका छन् । अस्पतालका प्रमुख तथा नेत्ररोग विशेषज्ञ डा. मनिष खतिवडाका अनुसार यसभन्दा अगाडि दैनिक २ सय बिरामी आउने गरेकामा पछिल्ला दिनमा बिरामी तीन गुणासम्मले बढेका हुन् ।

'आँखा पाक्ने समस्या भएका बिरामी अत्यधिक रुपमा अस्पताल आइरहेका छन् । समुदायस्तरमा आँखा पाक्ने समस्या प्रकोपका रुपमा देखिएको छ', डा. खतिवडाले भने, 'बढीजसो बालबालिका र युवामा समस्या देखिएको छ ।'

उनका अनुसार बिरामीको संख्या अत्याधिक बढेकाले आँखा पाकेका बिरामीलाई मात्रै छुट्टै जाँच गर्ने व्यवस्था मिलाइएको छ ।

हरेक बर्खायाममा पानी परेर रोकिएपछि आँखा पाक्ने समस्या देखिन्छ । तर, यसवर्ष भने धेरै ठाउँमा प्रकोपको रुपमा समस्या देखिएको तिलगंगा आँखा प्रतिष्ठानका आँखा रोग विशेषज्ञ डा. सुशान्त अडिगाले जानकारी दिए । उनका अनुसार आँखा पाक्ने समस्या लिएर तिलगंगामा दैनिक ७०-८० जना आइरहेका छन् ।

प्रतिष्ठानका आँखा रोग विशेषज्ञ डा. कौशल पोखरेलका अनुसार कन्जन्टिभाइटिस रोगले आँखाको झिल्लीजस्तो तहमा असर गर्छ । यसका कारण भने धेरै छ, तीमध्ये प्रमुख कारण हो इन्फेक्सन ।

'इन्फेक्सनले आँखामा सूक्ष्म जीवाणुलाई असर गर्ने गर्छ', डा. पोखरेल भन्छन्, 'त्यसबाहेक पनि आँखामा एलर्जी, धुलोधुवाँको असर, रासायनिक पदार्थहरु आँखामा पऱ्यो भने पनि आँखा पाक्ने समस्या हुन्छ ।'

**कस्ता लक्षण देखिन्छन् ?**

डा. अडिगाका अनुसार यो रोगको मुख्य लक्षण आँखामा चिप्रा लाग्ने, आँखा सुन्निने, चिलाउने, पोल्ने र रातो हुने आदि हुन् । 'यो रोग एक व्यक्तिबाट अर्कोमा सजिलै सर्न सक्छ । यसले दीर्घकालीन असर भने गर्दैन । तर, कसैमा संक्रमण फैलिएर आँखाको नानीमा जान सक्छ', डा. अडिगाले भने, 'आँखाको नानीमा संक्रमण भएमा घाउ हुने सम्भावना हुन्छ ।'

आँखाको नानीमा असर गर्दा घाम तथा उज्यालो प्रकाशमा हेर्न धेरै नै गाह्रो हुन्छ । आँखाको नानीमा दाग तथा फुलो बस्ने समस्या पनि रहन सक्छ । चिकित्सकका अनुसार समयमै उपचार गरे यो रोग सजिलै निको हुन्छ । आँखा पाक्ने रोग देखिएपछि एक देखि दुई हप्तामा आफैं कम हुँदै जान्छ । कसै-कसैमा लामो समयसम्म पनि रहन सक्छ ।

'बिहान उठ्दा आँखाका परेला टाँसिन सक्छ र, अरु बेला भन्दा अलि धेरै कचेरा वा चिप्रा लाग्ने समस्या पनि हुन्छ । कचेरा वा चिप्राचाहिँ कसैकसैमा एकदम तरल पानीजस्तो हुन्छ भने कसैकसैमा पिपजस्तो पहेँलो पनि हुन्छ', डा. पोखरेल भन्छन्, 'कसैकसैमा चाहिँ रेशाजस्तो तन्किने खालको पनि हुनसक्छ । यो कुन खालको हुन्छ भन्नेचाहिँ कुन कारणले गर्दाखेरि आँखा पाकेको हो त्यसले फरक पार्छ ।'

डा. अडिगाका अनुसार आँखा पाक्ने समस्या वर्षातको समयमा बढी देखिन्छ । 'पानी पर्ने र रोकिने भइरहेका बेला हाम्रो शरीरमा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएको हुन्छ । यस्तो बेलामा भाइरस बढी संक्रामक हुनजान्छ', उनले भने ।

**कसलाई बढी जोखिम ?**

चिकित्सकका अनुसार आँखा पाक्ने समस्या जोसुकैलाई देखिन सक्छ । किनकी, एडिनो भाइरस बढी संक्रामक हुन्छ र एक व्यक्तिबाट अर्कोमा सजिलैसँग सर्न सक्छ ।

विद्यालय, कलेज लगायत धेरै भिडभाड हुने ठाउँहरुमा यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्छ । सजिलै सर्ने भएकाले यसले घरको सबै सदस्यलाई संक्रमित पनि गराउन सक्छ । 'तर आँखा पाकेको मानिसमा हेर्दैमा रोग सर्दैन । आँखा पाक्ने रोग आँसुबाट मात्रै सर्छ', डा. पोखरेल भन्छन् ।

चिकित्सकका अनुसार संक्रमण भएको व्यक्तिले आँखा छोएर टेबल, मेच, लुगा वा अन्य व्यक्तिलाई छुँदा संक्रमण फैलिन सक्छ ।

(स्रोत: अनलाइनखबर)

# सहकारी पीडित र सरकारबीच ७ बुँदे सहमति, आन्दोलन स्थगित

काठमाडौं/सहकारी पीडितसँग सरकारले ७ बुँदे सम्झौता गरेको छ । बिहीबार सिंहदरबारमा भएको छलफलमा ७ बुँदे सहमति गर्दै माइतीघरमा २ महिनादेखि आन्दोलनमा रहेका सहकारी पीडितले आन्दोलन स्थगित गर्ने भएका छन् ।

बिहीबार सिंहदरबारमा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठ, सचिव गोकर्णमणि दुवाडी, सहकारी विभागका रजिष्टार नवराज घिमिरे समेतको उपस्थितिमा मन्त्रालयमा छलफल भएको थियो ।

सहकारी पीडित र सरकार बीच सहकारी संस्थाका बचतकर्ताहरुको बचत फिर्तालाई सुरक्षा प्रदान गर्न तत्काल बचत तथा कर्जा सुरक्षण कोष स्थापनाका लागि कार्य प्रक्रिया अगाडि बढाउने सहमति भएको छ ।

त्यस्तै सहकारी संस्थाबाट भएको कर्जा असुली प्रक्रियालाई छिटोछरितो र प्रभावकारी बनाउन कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधिकरणको स्थापना गर्न मन्त्रालयले तत्काल कार्य प्रक्रिया अगाडि बढाउने सहमति भएको छ ।

यस्तै ओरेन्टल लगायत समस्याग्रस्त घोषित सहकारी संस्थाको तर्फबाट बचतकर्तालाई रकम फिर्ता गर्दा स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिसँग मन्त्रालयले समन्वय गर्ने सहमति भएको हो ।

सहकारी क्षेत्रको सुधारका लागि सुझाव दिन नेपाल सरकार मन्त्रिपरिषद्रुबाट गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदलमा बचतकर्ता सदस्यको अधिकतम हित संरक्षण गर्ने सहमति भएको छ । त्यसका लागि अनशन र धर्नामा रहेका सहकारी संस्थाका बचतकर्ताहरुको समेत प्रतिनिधित्व गराउन अधिकतम ३ जनासम्म प्रतिनिधि आमन्त्रित सदस्यको रुपमा समावेश गर्ने सहमति भएको छ ।

सहकारी संस्थामा देखिएका विकृति, विसंगति हटाई सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुसार सहकारी क्षेत्रको सुधार गर्न विद्यमान कानुनी व्यवस्थाभित्र तत्काल सुधार गर्न सकिने विषय सुधार गर्ने सहमति सरकारले गरेको छ । साथै कानुन संशोधन गर्नुपर्ने भए त्यस्तो विषयमा समेत तत्काल मन्त्रालय, सहकारी विभाग र समस्याग्रस्त व्यवस्थापन समितिबाट आवश्यक गृहकार्य अघि बढाउने सहमति सरकारले गरेको हो ।

सरकारले सहकारी पीडित बचतकर्ता महासंघ संघर्ष समितिका नामबाट माइतीघरमण्डलमा अनशन र धर्ना बसिरहेका सहकारी संस्थाका बचतकर्ता सदस्यहरुको मागहरुमाथि छलफल गरेर ७ बुँदे सहमति गरेसँगै सहकारी संस्थाका बचतकर्ता सदस्यहरुबाट माइतीघरमण्डलमा जारी अनशन र धर्ना पनि मंगलबार देखि नै स्थगित भएको छ ।

*स्रोत: अनलाइनखबर*

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# बागमतीको भाडादर कागजमा घट्यो, व्यवहारमा घटेन

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ बागमती प्रदेशभित्र चल्ने सार्वजनिक यातायातको भाडादर सरकारले घटाए पनि व्यवसायीले घटाएका छैनन् । बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले सवारीका साधनको भाडादर घटाए पनि प्रदेशका अधिकांश जिल्लामा चल्ने यातायात व्यवसायीले पुरानै भाडादर कायम राखेका छन् ।

प्रदेशको राजधानी हेटौंडामा नै व्यवासायीले भाडादर सरकारले तोकेअनुसार घटाएका छैनन् । प्रदेशका १३ वटै जिल्ला र स्थनीय तहमा सवारीको भाडादर नघटेको यात्रुहरुले गुनासो गरेका छन् । बागमती प्रदेशभित्र चल्ने सार्वजनिक यातायातको भाडादर घटे पनि काठमाडौं उपत्यकामा भाडादर घटेको छैन ।



नेपाल आयल निगम साउन १ गतेबाट ईन्धनको स्वचालित मूल्य प्रणालीमा गएपछि बागमती प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयले सार्वजनिक यातायातको भाडादर घटाएको थियो ।

स्वचालित मूल्यप्रणाली अनुसार पाँच प्रतिशत इन्धनको मूल्यमा थपघट हुने बित्तिकै भाडादर सोही अनुसार थपघट हुने व्यवस्था छ । साउन ११ गते मन्त्रालयले भाडादर घटाए पनि उपत्यकाका यातायात व्यवसायीले भाडादर घटाएका छैनन् । सुन्धारामा भेटिएका कीर्तिपुर बस्ने विकास खड्काले यातायात व्यवसायीले भाडादर नघटाउँदा विद्यार्थीलाई दैनिक सवारी चढ्दा बढी भाडा तिरिर हनुपरेको बताए । उनले भने, 'कीर्तिपुर बस्छु पढ्नका लागि कीर्तिपुरदेखि बानेश्वर जाँदा दुईवटा गाडी फेर्नुपर्छ । पुरानै भाडादर अनुसार नै भाडा तिर्दै हिँड्नुपरेको छ । पहिले घटेको भाडादर पनि लागु नहुँदा मजस्ता धेरै विद्यार्थीलाई समस्या भएको छ ।'

सवारी सहचालकले घटेको भाडादर अनुसार भाडा उठाउनु त परको कुरा पहिले रहेको भाडाभन्दा पनि बढी भाडा उठाउँदै आएका छन् । सर्वसाधारणले कीर्तिपुरदेखि सुन्धारासम्म सार्वजनिक सवारी चढ्दा घटेको भाडाअनुसार २६ रुपैयाँ तिर्नुपर्ने हो तर, सहचालकले ३० रुपैयाँ नै उठाउँदै आएका छन् । चानचुन पैसा छैन भन्दै उनीहरुले भाडादर तोकिएको भन्दा बढी नै उठाउँदै आएका छन् ।

नयाँ घटेको भाडादर अनुसार विद्यार्थीले आफ्नो परिचयपत्र देखाएपछि छुटसहित १६ रुपैयाँ तिरे पुग्छ । तर, सहचालकले विद्यार्थीबाट २० रुपैयाँ नै उठाउने गरेका छन् । यात्रु खड्काले भने, 'दैनिक सार्वजनिक सवारीमा आवतजावत गर्नुपर्छ । कीर्तिपुरदेखि बानेश्वर आउजाउ गर्दा दैनिक १४ रुपैयाँ ठगिँदै आएको छु ।' सुन्धारादेखि बानेश्वरको भाडादर विद्यार्थीका लागि १२ रुपैयाँ हो । तर, सहचालकले १५ रुपैयाँ लिँदै आएको उनले बताए । यसरी दुवैलाई जोड्दा १४ रुपैयाँ दैनिक रुपमा ठगिएको उनको दु:खेसो छ ।

उनी दैनिक १४ रुपैयाँ ठगिँदा मासिक चारसय २० रुपैयाँ ठगिनुपरेको छ । उनले भने, 'विद्यार्थी जीवनमा पैसाको बचत गर्दै आफ्ना आवश्यकता परिपूर्ति गर्नुपर्ने हुन्छ । मासिक रुपमा चारसय बढी भएको अनावश्यक खर्च बचाउनसके तरकारी खर्च पुग्ने थियो ।' सरकारले घटाएको भाडादर कार्यान्वयन नगर्ने सवारीलाई कारबाही गर्नुपर्ने उनको माग छ ।

काठमाडौ उपत्यकामा दैनिक सार्वजनिक यातायात चढ्नेको संख्या हजारौं छ । यसरी सर्वसाधारण ठगिँदै जाँदा सरकारले घटाएको भाडादर आम सर्वसाधारणले महसुस गर्न पाएका छैनन् ।

# मनहरीको नदीउकास क्षेत्रमा नरिवल खेती



साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मकवानपुरको मनहरी गाउँपालिकाले नदीउकास क्षेत्रको सार्वजनिक जग्गामा नरिवल खेती सुरु गरेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम तथा गाउँपालिकाको संयुक्त पहलमा मनहरी-४ बनकरिया खेलमैदान नजिकै एक हजार ३६० थान नरिवलको विरुवा रोपेर नरिवल खेतीको सुरुवात गरिएको हो ।

नदीउकास क्षेत्रको सार्वजनिक जग्गा संरक्षण गर्न, वातावरण हरियाली बनाउन तथा स्थानीयलाई आयआर्जनसँग जोड्न नरिवलको खेती थालनी गरिएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बताए ।

'नरिवल खेतीलाई निरन्तरता दिने गरी गाउँपालिकाको नीति तथा कार्यक्रममै समेटेर अगाडि बढेका छौं ।' उनले भने- गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको वन, वातावरण तथा विपत् व्यवस्थापन शीर्षकमा सामुदायिक वन तथा डिभिजन वनको सहयोगमा नदीउकास पर्ती जमिनमा स्थानीयलाई आर्यआर्जन हुने गरी नरिवलको बिरुवा रोप्ने कार्यक्रम सञ्चालन गरेको उल्लेख छ ।

गाउँपालिका अध्यक्ष कालाखेतीले नरिवल रोपेर नदीउकास जमिनको संरक्षण हुनुका साथै बस्ती जोगाउन र आयआर्जनमा जोड्न सहयोग पुग्ने विश्वास लिए । गाउँपालिकाको ४ नम्बर वडा कार्यालयको ३ लाख बजेटमा करिब दुई विगाह १० कठ्ठा क्षेत्रफल सार्वजनिक जग्गामा नरिवल खेती गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको ६ लाख ५० हजार रुपैयाँमा तारजाली, घेराबारा र खेतीको संरक्षण गर्न दुईजना कर्मचारी नियुक्त गरेर संरक्षणको जिम्मा दिएको छ ।

नरिवल खेतीले आर्थिक र वातावरणीय दुवै हिसाबले फाइदा हुन्छ, अध्यक्ष कालाखेतीले भने- 'स्थानीयलाई रोजगारी र आम्दानीको श्रोत पनि बढ्छ ।' उनले पालिकामा आगामी दिनमा वडा नं ७ मा लिची र अम्बा र ८ मा एभोकाडोको वृक्षरोपण गर्ने तयारी गरिएको जानकारी दिए ।

नदीउकास जग्गा अतिक्रमणमा पर्ने सम्भावना बढ्दै गएपछि संरक्षणसँगै वडा र गाउँपालिकाको आयआर्जनका लागि स्रोत बढाउने लक्ष्यसहित नरिवल खेती सुरु गरिएको ४ नं. वडा अध्यक्ष प्रकाश थापाले बताए । उनले भने 'अहिले परीक्षणका लागि लगाएका छौं, नरिवल खेतीको गोडमेल, संरक्षणलगायतका काम वडा कार्यालयबाटै हुन्छ ।' दुईवर्ष पुगेका विरुवा रोपिएको छ, तीन वर्षभित्र नरिवल फल्ने अनुमान छ ।

# मकवानपुरमा 'लम्पी स्किन'विरुद्ध ६ हजार डोज खोप लगाइने



साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मकवानपुर जिल्लामा लम्पी स्किन रोगबिरुद्ध ६ हजार डोज खोप लगाइने भएको छ । दशवटै पालिकामा ६ सयका दरले खोप लगाउन लागिएको हो । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र मकवानपुरले लम्पी स्किन डिजिजको जिल्लाका सबै स्थानीय तहमा खोप कार्यक्रम अभियानकै रुपमा संचालन गर्न लागेको हो ।

कृषि मन्त्रालयको कार्यक्रमअनुसार लम्पी स्किन सङ्क्रमण रोक्न सबै पालिकामा खोप कार्यक्रम संचालन गर्न लागिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र मकवानपुरका प्रमुख डा. बज्रकिशोर ठाकुरले जानकारी दिए । पशुचौपायमा देखिएको लम्पी स्किन रोग नियन्त्रणका लागि यही साउन २५ गतेदेखि ३१ गतेसम्म साताव्यापी रुपमा खोप अभियान सञ्चालन गर्न लागिएको हो ।

जिल्लाका स्थानीयतहसँग विज्ञकेन्द्रमा भएको अन्तरक्रियाले फोकल पर्सन तोक्ने, भ्याक्सिनेटर नियुक्त गर्ने र खोप वितरण गर्ने निर्णय गरेको थियो । निर्णय अनुसार भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र मकवानपुरबाट सप्ताहव्यापी लम्पी रोग नियन्त्रण अभियानका लागि १० वटै पालिकामा स्थानीय तहका पशुसेवा शाखा प्रमुखलाई फोकल पर्सन तोक्ने निर्णय गरेको छ ।

त्यस्तै भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र मकवानपुरमा दर्ता हुन आएका भ्याक्सिनेटरहरुलाई नियुक्ति दिने र दर्ता हुन नआएको पालिकाहरुमा गाउँपालिकाको पशुसेवा शाखाबाट गरिएको सिफारिसको आधारमा विज्ञकेन्द्रले नियुक्ति दिने निर्णय भएको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाको तर्फबाट गंगा चौलागाई, डा.अनुसा लम्साल, डा.कमल अधिकारी, मकवानपुरगढी गाउँपालिकाबाट सत्यनारायण साह, बागमती गाउँपालिकाबाट राजेन्द्र गोले, कैलाश गाउँपालिकाबाट सन्तोषकुमार थिङ, इन्द्रसरोवर गाउँपालिकाबाट नवीन अधिकारी, बकैया गाउँपालिकाबाट सागर श्रेष्ठ, मनहरीबाट सरोज ओझालगायतले अन्तरक्रियामा सहभागिता जनाएका थिए ।

# सर्पको टोकाईले बकैयामा बालिकाको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकामा सर्पको टोकाइबाट एक बालिकाको मृत्यु भएको छ ।

बकैंया गाउँपालिका वडा नम्बर ७ अधेरी घर भएकी १२ बर्षीया करिष्मा लोको सर्पले टोकेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले जानकारी दिएको छ । बागमती प्रदेश प्रहरीका अनुसार बुधबार आफ्नै घरमा बसिरहेको अवस्थामा करिष्मालाई सर्पले टोकेको थियो । परिवारले उनको उपचारका लागि हेटौंडा अस्पताल ल्याएकोमा उपचारकै क्रममा बुधबार दिउँसो पौने ३ बजे मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# मनहरीमा वृक्षरोपण



साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ राष्ट्रिय युवा संघ नेपाल मनहरी गाउँ कमिटी मकवानपुरद्वारा बृक्षरोपण गरिएको छ । संरक्षण प्रकृतिको, सुरक्षा सन्ततिको भन्ने मूलनाराका साथ मनहरीमा बृक्षरोपण गरिएको हो ।

एक युवा, पाँच बिरुवा भन्ने नाराकासाथ एक महिने वृक्षरोपण कार्यक्रमअन्तर्गत निर्माणाधीन मनकामना मन्दिर परिसर मनहरी बजारमा २५१ वटा फलफूलल गायतका बिरुवा रोपण गरी सम्पन्न गरिएको हो । नेकपा एमाले बागमती प्रदेश कमिटीका सदस्य एकराज उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा एमाले मनहरी गाउँपालिका अध्यक्ष नबीन सुवेदी, युवा संघका जिल्ला अध्यक्ष लक्ष्मण उप्रेतीलगायतको आतिथ्यता रहेको थियो ।

# बागमतीको विद्यालयमा 'सिक्दै कमाउँदै कार्यक्रम' सुरु गरिने




साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ बागमती प्रदेशका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम सुरु गरिने भएको छ । प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तरगतको शिक्षा विकास निर्देशनालय हेटौंडाले चालु आर्थिक वर्षमा यो कार्यक्रम लागू गर्न लागेको हो ।

निर्देशनालयले कुल एक करोड ८१ लाख ५० हजार रुपैयाँ खर्च गरेर विद्यालयमा आएका विद्यार्थीलाई जीविकोपार्जनमा समेत जोड्नेगरी कार्यक्रम गर्न लागिएको हो । यो कार्यक्रम प्रदेशका बिभिन्न विद्यालयमा लागू गर्नका लागि कार्यबिधि बन्ने चरणमा रहेको शिक्षा विकास निर्देशनालय हेटौंडाका निर्देशक पूर्णबहादुर दर्जीले साझाकुरलाई जानकारी दिए ।

बितेको आर्थिक वर्षमा यो कार्यक्रम सामाजिक विकास मन्त्रालयले गरेको र चालु आर्थिक वर्षमा भने यो कार्यक्रम निर्देशनालयले गर्न लागेको हो । विद्याथीहरु विद्यालयमा पढेर बाहिर निस्कदा पनि कुनैनकुनै जीविकोपार्जन गर्न सकोस भन्ने उदेस्यले यो कार्यक्रम सुरु गर्न लागिएको उनले बताए । अबको शिक्षा व्यवहारिक र जीविकोपार्जनसँग जोड्ने उदेस्यले प्रदेशका बिभिन्न जिल्लामा विद्यालयसँग कुन काम गर्न चाहेको हो आवेदन माग गरेर यो कार्यक्रम लागू गरिने उनले बताए ।

बिशेषगरी विद्यार्थीलाई कृषिसँगका कार्यक्रम र प्रबिधिसँग जोड्ने कार्यक्रमका लागि लगानी गर्ने र त्यसबाट भएको आमदानीको ५० प्रतिशत विद्यालयको कोषमा राख्ने र ५० प्रतिशत विद्यार्थीलाई उपलब्ध गराउनेगरी अगाडि बढ्न लागिएको निर्देशक दर्जीले बताए । सामुदायिक विद्यालयले विद्यार्थीलाई कृषि र पशुपालनसँग सम्वन्धित काम गराउनका लागि सहज हुने र यसै कार्यक्रममा पनि जोड दिइएको उनले बताए ।

# लागूऔषध गाँजासहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटे चेकप्वाईन्टबाट लागुऔषधसहित दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा धनुषा महेन्द्रनगर नगर पालिका-१६ बस्ने १८ बर्षीय र बिकुमार महरा र पर्सा बीरगंज महानगरपालिका-९ रानीघाट बस्ने ३१ बर्षीय धनराज गिरी रहेका छन् ।

प्रहरीचौकी रातोमाटेबाट खटिएको चेकिङ टोलीले बुधबार पक्राउ गरेको हो । चितवनबाट बीरगंजतर्फ जाँदै गरेको ना ८ ख ७३४६ नम्बरको यात्रुबाहक बसलाई रोकी चेकजाँच गर्ने बसमा सवार महरा र गिरीलाई लागुऔषध गाँजा ९ किलो १५० ग्राम सहित पक्राउ गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीका अनुसार महराको साथबाट ७ किलो र गिरीको साथबाट २ किलो १५० ग्राम बरामद गरिएको हो । उक्त लागुऔषध गाँजा सहित उनीहरुलाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# भन्सारमा हुने दुरुपयोगमा गम्भीर हुन कर्मचारीलाई अर्थमन्त्रीको निर्देशन

साझाकुरा संवाददाता

काठमाडौं/अर्थमन्त्री डा. प्रकाशशरण महतले भन्सारमा हुने दुरुपयोगमा गम्भीर हुन कर्मचारीलाई निर्देशन दिएका छन् । उनले इमान्दार भएर काम गरे राजस्वले लक्ष्य भेट्ने समेत बताए ।

बिहीबार वीरगञ्ज सुख्खा बन्दरगाह र वीरगञ्ज भन्सार कार्यालयको निरीक्षणका क्रममा अर्थमन्त्री महतले यस्तो बताएका हुन् । 'भन्सारमा हुने दुरुपयोगलाई कर्मचारीले गम्भीरतापूर्वक लिने र सबै इमान्दार बनियो भने हामी सजिलै लक्ष्यमा पुग्न सक्छौं,' उनले भने ।



मन्त्री महतले आयात नहुँदा, माग नआउँदा भन्सार शुल्क कम उठ्नु स्वभाविक भएको बताए । त्यस्तो अवस्थामा राजस्व नउठ्नुमा कर्मचारीको दोष नहुने उनको भनाइ थियो । तर, बजारमा प्रशस्त माल वस्तु हुँदा पनि राजस्व घट्नु गम्भीर विषय रहेको उनले बताए ।

**उपलब्ध प्रविधि किन थन्काइयो ?**

मन्त्री महतले जायज कुरालाई नजायज नबनाउन कर्मचारीलाई निर्देशन समेत दिए ।

'सार्वजनिक भन्दा निजी फाइदालाई माथि राख्न थालियो भने निश्चित रुपमा व्यवसायीले अर्को बाटो रोज्छ,' उनले भने, 'राजस्व संकलनमा भन्सार र सुरक्षा निकायको महत्वपूर्ण भूमिका हुन्छ । भन्सार नाकाभन्दा बाहिरबाट माल वस्तु आयात भयो भने त्यसलाई सुरक्षा निकायले हेर्नुपर्छ ।'


उनले प्रविधि अपग्रेट हुनुपर्ने भन्दै सुख्खा बन्दरगाहमा ठूलो मेसिन थन्काएर राखेको विषयमा प्रश्न समेत गरे । उनले भने, 'त्यो उपयोग मै आएन, किन आएन कसैलाई थाहा छैन, अरुले सहयोग नै गर्न चाहेनन्, यो प्रयोगमा आयो भने निजीलाई फाइदा पुग्दैन भन्ने सुनियो ।'

# बागमती नदीमा डुबेर बालकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मकवानपुरको पूर्वीक्षेत्रमा रहेको बागमती गाउँपालिकास्थित बागमती नदीमा डुबेर एक बालकको मृत्यु भएको छ ।

बागमती गाउँपालिका वडा नम्बर ४ पाल्पाले बस्ने ८ बर्षीय निशान बलको डुबेर मृत्यु भएको बामगती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । वडाअध्यक्ष दन्तलाल माझीका अनुसार निशान बुधबार दिउँसो साथीहरुसँग बागमती नदीमा पौडी खेल्ने गएका थिए । घटनास्थलबाट



प्रहरीले कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमाटका लागि हेटौंडा अस्पताल ल्याएको थियो ।

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना